नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६

पत्र संख्या :-
च.नं.

सिंहदरबार, काठमाडौं,
नेपाल।

मितिः २०८०।६।२९

# प्रेस विज्ञप्ति

विभिन्न संचार माध्यमहरूमार्फत आन्तरिक वायुसेवाहरूले हवाई भाडा मंहगो लिइरहेको भनी जनगुनासो आइरहेकोले मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको र यस विषयमा सम्बन्धित सरोकारवालासँग छलफल सम्पन्न भयो। हवाई नीति, २०६३ को प्रावधान बमोजिम संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपाल नागरिक उड्डयन प्राधिकरणको सिफारिसको आधारमा अधिकतम र न्यूनतम सीमा तोकी प्रत्येक उडान खण्डको हवाई भाडा निर्धारण पछिल्लो पटक २०७३ सालमा गरिएको र हालसम्म पनि वायुसेवा संस्थाहरुबाट उक्त समयमा निर्धारित हवाई भाडा अनुसार नै उडान संचालन भइरहेको छ। मन्त्रालयले निर्धारण गरेको सीमाको परिधिभित्र रही हवाई भाडादर बजारको माग र आपूर्ति बमोजिम नै तलमाथि भइरहेको छ। वायुसेवाका अत्याधिक टिकट अनलाइन प्रणालीमार्फत नै बिक्री हुने गरी व्यवस्था भएकोले पारदर्शी रूपमा नै टिकट खरिद बिक्री भइरहेको स्पष्ट पारिएको छ। हवाई इन्धन र वायुयानका पार्टपूर्जाको मूल्यमा भएको वृद्धि, अस्थिर डलर विनिमयदर, हालसालै हवाई यातायात र यात्रु टिकटमा थपिएको मूल्य अभिवृद्धि कर तथा यात्रु सेवा शुल्क र विमानस्थल सेवा शुल्कमा भएको वृद्धि लगायतका विविध कारणले स्वयम् वायुसेवा संचालकहरु नै मारमा परेको र समयसापेक्ष भाडादर निर्धारण गर्न वायुसेवा संस्थाहरुबाट गुनासो प्राप्त भइरहेको छ। तथापि, नागरिकहरुबाट आएको गुनासोलाई ध्यान दिदैं माननीय मन्त्रीज्यूको अध्यक्षतामा मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण र आन्तरिक वायुसेवाका पदाधिकारीहरूबीच आज मन्त्रालयमा बैठक बसी विस्तृत छलफल भयो। उक्त बैठकबाट वायुसेवा संस्थाहरुले मंहगो वर्गको टिकट संख्या विक्रीको प्रतिशत क्रमशः कम गरी अधिकत्तम कम मूल्य वर्गको टिकट विक्री बढाँउदै जाने साथै बाहिरबाट काठमाण्डौ फर्किने आन्तरिक उडानमा हवाई भाडादर घटाउदै लैजाने सहमति भएको व्यहोरा सबैमा जानकारी गराइन्छ। चाडपर्वको यस अवसरमा जनस्तरबाट आएको गुनासो सम्बोधन गरी यात्रुहरूलाई सुरक्षित, भरपर्दो, प्रभावकारी र सुलभ हवाई यातायातको प्रत्याभूति गराउनेतर्फ वायुसेवा संस्थाहरू केन्द्रित रहन माननीय मन्त्रीज्यूबाट निर्देशन समेत भएको व्यहोरा सबैलाई जानकारी गराइन्छ।

टेक नारायण पौडेल
उपसचिव